शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ६ मितिः २०८०/०९/१६ गते

भाग — १

शुक्लाफाँटा नगरपालिका

## सहकारी ऐन २०७५ लाई संसोधन गर्न बनेको विधेयक २०८०

नगर सभाबाट स्वीकृत मितिः २०८०/०९/१३ गते

**प्रस्तावनाः**

शुक्लाफाँटा नगरपालिकाको सहकारी ऐन २०७५ का दफाहरुमा समय सापेक्ष संसोधन गर्न वाञ्छनिय भएकोले शुक्लाफाँटा नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " शुक्लाफाँटा नगरपालिका सहकारी (पहिलो संसोधन) ऐन, २०८०" रहेको छ ।

   (२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. **शुक्लाफाँटा नगरपालिकाको सहकारी ऐन २०७५ मा संसोधनः** शुक्लाफाँटा नगरपालिकाको सहकारी ऐन २०७५ (यस पछि मूल ऐन भनिएको) को

   (१) दफा २० को उपदफा (१) मा "अठार वर्ष" भन्ने शब्दहरुको सट्टा "सोह्र बर्ष" भन्ने शब्दहरु राखे ।

(२)  दफा ५० को उपदफा २ मा “पन्ध्र प्रतिशत” भन्ने शब्दहरुको सट्टामा “अठार प्रतिशत” भन्ने शब्दहरु राख्ने ।

(३)  दफा ५२ को उपदफा (१) मा “तीन महिना” भन्ने शब्दहरुको सट्टा “छ महिना” भन्ने शब्दहरु राख्ने ।

३. मूल ऐनको दफा ९४ पछि देहाय बमोजिम दफा ९४(क) र ९४ (ख) थप गर्नेः

९४(क). **नगर सहकारी संघ गठनः** (१) नगर क्षेत्रमा क्रियाशिल सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुको आर्थिक सामाजिक एवं सांस्कृतिक समृद्धि हासिल गर्नका लागि आवश्यक छलफल परामर्श, योजना र सरोकारवालाहरुको प्रतिनिधित्व गर्न समावेशि तरिकाले अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष पदाधिकारी सहित बढीमा १९ सदस्य रहने गरि एक नगर स्तरीय सहकारी संघ गठन गर्न सक्नेछन।

(२) नगर सहकारी संघको गठन तथा काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

९४(ख). **नगर सहकारी प्रवद्धन वोर्ड गठनः** (१) नगरपालिकाले नगरभित्रका सहकारीहरुको संस्थागत सुशासन तथा विकास अवस्था, सहकारी खेती तथा व्यवसायमुलक एवं रोजगारमुलक योजनाको सम्भाव्यता अध्ययन सहित समग्र विकासका लागि योजना निर्माण, उत्कृष्ठ सहकारीहरुलाई प्रोत्साहन लगायत कार्यमा सुझाव, परामर्श, सहजीकरण, अनुगमन, सहयोग लगायतका विषयमा रेखदेख गर्न नगरपालिकाले नगर सहकारी प्रवद्र्धन वोर्ड गठन गर्न सक्नेछ।
(२) नगर सहकारी प्रबर्द्धन वोर्डको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

**आज्ञाले,**
**खेम राज बिष्ट**
**प्रमुख प्रशासकीय अधिकृत**